# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चन्द्रौटा, कपिलवस्तु
## लुम्बिनी प्रदेश

प्रकाशित मिति:२०७८।११।१०

स्वयंसेवक शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन सामुदायिक विद्यालयको उच्च विद्यार्थी शिक्षक अनुपातलाई परिपूर्ति गर्न खुला प्रतियोगितात्मक लिखित परीक्षाको माध्यमद्वारा पदपूर्ति गर्नका लागि योग्य उम्मेदवारहरूले यस नगरपालिकाबाट निर्धारित गरिएको दरखास्त फाराम भरी यो सूचना प्रकाशित भएको १५ दिनभित्र आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. निम्नमाध्यमिक तह स्वयंसेवक शिक्षकको पदपूर्ति विवरण:

| विज्ञापन नं./ विषय | खुला | माग संख्या |
|---|---|---|
| वि.नं./ गणित | १/०७८/७९ | १ |

**२. उम्मेद्वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता :**

**निम्नमाध्यमिक तहको लागि :**

क) मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको,

**अन्य आवश्यक कागजातहरु :**

क) स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि ।

ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ग) दरखास्त फाराम बुझाउने अन्तिम मिति २०७८ फागुन २५ गते सम्ममा १८ वर्ष पुरा भई ४० बर्ष उमेर ननाघेको हुनुपर्ने छ ।

**३. उम्मेद्वारले अनिवार्य रूपले पेश गर्नु पर्ने कागजातहरू :**

क) नगरपालिकाद्वारा स्वीकृत गरिएको दरखास्त फाराम

ख) निम्नमाध्यमिक तह परीक्षा दस्तुर वापतको रु. ७००।- को कार्यालय नगदी राजस्व रसिद ।

घ) उम्मेद्वार हुनको लागि तोकिएका कागजातहरू ।

ङ) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि ।

**पुनश्च :**

४.दरखास्त फारामसाथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरूमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ ।

**५. परीक्षाको किसिम :** (क) लिखित परीक्षा (ख) मौखिक

**६. दरखास्त फाराम पेस गर्ने अन्तिम मिति :** २०७८ फागुन २५ गतेसम्म

**७. लिखित परीक्षा हुने मिति :** पछि प्रकाशन गरिनेछ ।

**८. सम्पर्क मिति :** २०७८ फागुन २६ गते

**९. अन्तरवार्ताको मिति, स्थान र समय :** लिखित परीक्षाको नजिता प्रकाशित गर्दा मिति, समय र स्थान तोकिने छ ।

**१०. बिज्ञापन सम्वन्धी थप जानकारी :**

क) कुनै पनि शर्त राखी दरखास्त स्वीकृत गरिने छैन ।

ख) कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त फाराम जुनसुकै वखत रद्द गरी कानुन बमोजिम कारवाही गरिने छ ।

ग) शिक्षक सेवा आयोगले खुला प्रतियोगितात्मक परीक्षाको लागि तोकको नयाँ पाठ्यक्रम बमोजिम हुनेछ ।

**१३. दरखास्त सङ्कलन, रुजु र स्वीकृत गरी प्रवेशपत्र वितरण नगरपालिकाबाट हुने छ ।**

२०७८।११।१०

लोकराज पन्थी
संयोजक
स्वयंसेवक शिक्षक छनौट समिति